**गतिविधि योजना: प्रभुले सिकाउनुभएको प्रार्थना पजल मिलाउने खेल**

१. गतिविधिको उद्देश्य

बच्चाहरूलाई प्रभुले सिकाउनुभएको प्रार्थना सिक्न र मौखिक रूपमा दोहोर्याउन प्रोत्साहन गर्नु।

पजल मार्फत पदहरूको क्रम र प्रार्थनाको प्रवाह सहज रूपमा सिक्नु।

खेलको माध्यमबाट शब्द बुझाइ र सहकार्य सिकाइ अनुभव गर्नु।

२. आवश्यक सामग्री

- प्रभुले सिकाउनुभएको प्रार्थना रङ्गीन कार्डमा पजलका टुक्राहरूजस्तै बनाई प्रिन्ट गर्नुहोस् ।
- प्रभुले सिकाउनुभएको प्रार्थनाको पजल भएका सादा पाना अर्को प्रिन्ट गर्नुहोस्।
- खेल्न सजिलो हुने आकारमा ती रङ्गीन कार्डमा भएका वाक्यहरू काटेर तयार गर्नुहोस् । (कैंची र गम चाहिन्छ
- टेबल वा भुइँमा पजल फैलाउन पर्याप्त ठाउँ आवश्यक पर्छ ।

३. गतिविधि क्रम (खेल खेल्नुअघि )

- सबैले मिलेर प्रभुले सिकाउनुभएको प्रार्थना ठूलो स्वरमा पढ्ने। छोटकरीमा यसको अर्थ व्याख्या गर्ने।
- प्रत्येक टिम वा बच्चालाई पजलका टुक्राहरू वितरण गर्ने।

४. पजल मिलाउने

बच्चाहरूले मौखिक रूपमा प्रार्थना दोहोर्याउँदै ,सही क्रममा टुक्रा मिलाउने छन्।

प्रभुले सिकाउनुभएको प्रार्थना पजल भएको सादा प्रिन्ट गरिएको पानामा गमको सहायताले क्रमअनुसार टाँसेर मिलाउने।

५. प्रार्थनाको जाँच

पूरा पजल तयार भएपछि सबै मिलेर ठूलो स्वरमा पढ्ने।

अनुभव बाढ्ने

पजल मिलाउँदा सिकेका कुरा र प्रार्थनाको अर्थ छोटकरीमा बाँड्ने।

६. अन्तिम प्रार्थना र निष्कर्ष

गतिविधि सकिएपछि, सबैले मिलेर प्रार्थना गर्ने।

"प्रभु येशू, हामीलाई यो प्रार्थना अनुसार प्रार्थना गर्न सक्ने बच्चा बन्न सहयोग गर्नुहोस्। आमेन।"